नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड बबरमहल, काठमाडौं २०७४

पत्र संख्याः
चलानी नं.:

फोन नं.: ०१-४१००२२३
टोल फ्री : १६६००१११२२४
बबहरमहल,काठमाडौं

**मिति २०८१-०७-२०**

## प्रेस नोट

### पृष्ठभूमी

स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम ब्यबस्थापन गर्दै बित्तीय संरक्षण प्रदान गर्ने अवधारणा अन्तर्गत सरकारले ल्याएको सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रम हो । समस्त नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र स्वास्थ्य सेवा उपभोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यका साथ २०७२ सालमा सामाजिक स्वास्थ्य सुरक्षाका रुपमा शुरुवात भएको यो कार्यक्रम हाल स्वास्थ्य बीमा बोर्डले संचालन गर्दै आएको छ । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच (Universal Health Coverage, UHC) प्राप्ती तर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई निशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । संबिधानको धारा ५१(ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ । गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ सरकारले यो कार्यक्रमको शुरूवात गरेको हो ।

यसै क्रममा स्वास्थ्य बीमा बोर्डको आ.व. २०८१।०८२को वार्षिक स्वीकृत कार्यक्रम तथा म कार्यकारी निर्देशक भए पछिको ४ वर्षे कार्यकाल यहि मिति २०८१ साल मंसिर २५ गतेवाट समाप्त हुन गैरहेको पूर्वसन्ध्यामा मेरो कार्यकाल शुरूवात हुँदाका बखत स्वास्थ्य बीमाको अवस्था र हाल सम्म गरिएका कार्यहरूको अवस्थाको बारेमा जानकारी दिँदै चारवर्षे कार्यकालको अनुभवमा स्वास्थ्य बीमालाई दिगो बनाउन सरकारद्वारा स्वास्थ्य बीमाको क्षेत्रमा गर्नुपर्ने केही मुख्य कामहरूको विवरण प्रस्तुत गर्ने उद्देश्यले यो प्रेस मिट कार्यक्रमको आयोजना गरिएको छ ।

### मेरो कार्यकालमा भएका उपलब्धिहरुको अवस्था

| क्र.स. | विषय वस्तुहरु | २०७७।०७।२६ सम्म | २०८१।०७।१४ सम्म |
|---|---|---|---|
| १ | जनसंख्या अनुसारको आबद्धता | १२.७९% | ३०% |
| २ | परिवारको आबद्धता | १४% | ४०% |
| ३ | नविकरण दर | ५०% | ७९% |
| ४ | सेवा उपभोग | ३४% | ४९% |
| ५ | कानून निर्माण | स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ | स्वास्थ्य बीमा ऐनले दिएको अधिकारका आधारमा १८ वटा कार्यविधि बनाईएको । |

दामोदर बसौला
कार्यकारी नि.

CamScanner

| लक्षित वर्गको अवस्था | | | |
|---|---|---|---|
| क्र.स. | लक्षित वर्ग (परिवार सदस्य सहित) | २०७७।०७।२६ सम्म | २०८१।०७।१४ सम्म |
| १ | अति गरिब बीमित जनसंख्या | ४,४०,८०९ | ५,०२,८४० |
| २ | जेष्ठ नागरिक बीमित संख्या | ३,८२,२८१ | १०,४०,४०९ |
| ३ | HIV संक्रमित बीमित संख्या | १०,७९० | ३९,३८२ |
| ४ | अति अशक्त अपाङ्ग बीमित | ५६,३०७ | १,५६,६४६ |
| ५ | कुष्ठरोग संक्रमित बीमित | १,७२२ | ४,०५२ |
| ६ | MDR/XDR TB | १,३१४ | ३,६६४ |
| ७ | महिला स्वास्थ्य स्वयसेविका बिमित | ६६,७८८ | १,४५,०६१ |

## मेरो कार्यकालमा गरिएका नयाँ कार्यको थालनी

**क) नीतिगत व्यवस्थापन तर्फ**

- स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ बाहेक अन्य कुनै कानुनी दस्तावेज नभएको कारण कार्य गर्न कठिनाई भएको थियो । मेरो कार्यकालमा स्वास्थ्य बीमा ऐनले दिएको अधिकारका आधारमा १८ वटा कार्यविधि बनाईएको ।
- स्वास्थ्य बीमा बोर्डको स्वास्थ्य बीमा रणनीतिक मार्गचित्र (२०८१/०८२/२०८६/०८७) तयार गरि स्वीकृत गरिएको ।
- स्वास्थ्य बीमा ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्वास्थ्य बीमा कार्यक्रम प्रदेश तथा स्थानीय स्तरबाट समेत सन्चालन गर्ने उद्देश्यले कार्यविवरण सहितको प्रदेश/स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने कार्यविधि स्वीकृत गराई हाल ४६० भन्दा बढी स्थानीय तहमा संयोजन समिति गठन र सन्चालन गरिएको ।
- सेवा प्रदायक स्वास्थ्य संस्थालाई गरिएको भुक्तानी स्वास्थ्य बीमा बोर्डको वेभसाईटमा प्रकाशित गर्ने गरिएको ।
- स्वास्थ्य बीमा बोर्डका निर्णयहरूलाई वेभ साईटमा प्रकाशित गर्ने कार्यको प्रारम्भ गरिएको।
- हरेक वर्ष स्वास्थ्य बीमा बोर्डको नीति तथा तथा कार्यक्रम र वार्षिक बजेट बनाई कार्य गर्ने व्यवस्थाको शुरूवात गरेको ।
- म स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकमा नियुक्ती हुँदाको बखत ५८ जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम सन्चालन भएकोमा हाल ७७ जिल्लाको ७५३ स्थानीय तहमा सन्चालन गरिएको ।
- स्वास्थ्य बीमा ऐन, २०७४ को मर्म बमोजिम स्वास्थ्य बीमा कोष बनाई, सो को सन्चालन कार्यविधि स्वीकृत गराई कार्य भईरहेको ।
- हरेक वर्ष जिल्ला सम्पर्क कार्यालयहरूले गरेको कामको प्रगती समिक्षा तथा तालिम दिईने कार्यको प्रारम्भ गरिएको ।

दामोदर बसौला
कार्यकारी निर्देशक

CamScanner

- Public Private Partnership को सिद्धान्तलाई अवलम्बन गराउने उदेश्यका साथ निजि सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले नजिकको सरकारी सेवा प्रदायक स्वास्थ्य संस्थामा गई OPD सेवा दिने व्यवस्था गर्ने सुरुवात गरेको ।
- नागरिकलाई सहज होस भन्ने उद्देश्यले Digital Card हरु मार्फत पनि बीमितलाई सेवा प्रदान गर्ने व्यवस्था गरिएको ।
- स्वास्थ्य बीमामा राष्ट्रिय परिचयपत्र (NID) मार्फत अनलाईन बीमा दर्ता तथा नविकरण गर्न सक्ने व्यवस्था लागु गर्न सम्झौता गरिएको ।
- नागरिकले आफैले घरमै बसी अनलाईन नविकरण गर्न सक्ने व्यवस्था लागु गरिएको ।

ख) प्रशासनिक व्यवस्थापन तर्फ

- मेरो कार्यकाल शुरू भए पछि स्वास्थ्य बीमा बोर्डको दरबन्दी स्वीकृत गराई दरबन्दी अनुसारको कर्मचारीहरूबाट कार्य गर्ने व्यवस्था गरेको ।
- जस अनुसार ४ जना उपसचिवस्तर, चार्टर्ड एकाउण्टेन्ट, हेल्थ इकोनोमिक्स, जनस्वास्थ्य अधिकृतहरू, मेडिकल अधिकृत, फार्मेसी अधिकृत, कानून अधिकृत, नर्सिङ अधिकृत लगायतको दरबन्दी स्वीकृत गराई व्यवस्थित गर्ने कार्य प्रारम्भ गरिएको ।
- स्वास्थ्य बीमाको संगठन तथा व्यवस्थापन सर्भे गरी स्थायी दरबन्दी तथा कार्यविवरण सहितको O&M प्रतिवेदन स्वीकृतका लागि २०७७ चैत्रमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरिएको तर स्वीकृत भैनसकेको।
- कर्मचारी बिनियमावली बनाई स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरिएको तर स्वीकृत भैनसकेको।
- स्वास्थ्य बीमा नियमावली, २०७५ लाई संसोधनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरिएको तर स्वीकृत भैनसकेको ।
- बोर्ड र जिल्ला सम्पर्क कार्यालयहरूमा स्वीकृत दरबन्दि अनुसार रिक्त रहेको पदहरूमा दरबन्दी पदपूर्ती गरिएको ।

ग) बीमा दाबी व्यवस्थापन तर्फ

- बीमा दाबी समिक्षा तथा मुल्यांकन कार्यविधि, २०७८ (पहिलो संशोधन, २०८१) बनाई दाबी व्यवस्थापन कार्यलाई पारदर्शी र चुस्त बनाउने कार्य गरिएको ।
- दाबी व्यवस्थापन शाखामा मेडिकल अधिकृत, फार्मेसी अधिकृत, नर्सिङ अधिकृतहरूबाट दाबी रूजु गर्ने व्यवस्था गरेको ।
- २०७२ सालमा बनाईएको सुविधा थैली समयसापेक्ष परिमार्जन गरि २०८१।०५।०१ बाट लागु गरेको ।
- २०७७।०७।२६ देखि हाल सम्म २ करोड ३८ लाख २९ हजार १६४ वटा दाबी फर्छ्यौट गरेको ।
- सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले API को माध्यमबाट Real Time दावी गर्न सक्ने व्यवस्था गरीएको।

दामोदर बसौला
कार्यकारी नि...

CamScanner

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

## घ) सूचना प्रविधि व्यवस्थापन तर्फ

- अस्पतालहरूले जुनसुकै दाबी जुनसुकै समयमा बीमा व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न सक्ने कार्यलाई व्यवस्थित गरी पहिले ७ दिन भित्र र हाल Real Time दाबी गर्न सक्ने गरि बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) लाई व्यवस्थित गरिएको ।
- नागरिक बीमित हुँदा जुनसुकै साईकलमा बीमित भएका नागरिक जुनसुकै समयमा IMIS मा प्रविष्ट गर्न सक्ने हुँदा पारदर्शि र नागरिकले व्यहोर्नु परेको झण्झटिलो व्यवस्थालाई साईकल भित्रै IMIS मा प्रविष्ट गरिसक्नु पर्ने गरी व्यवस्थापन गरिएको ।
- नागरिकले आफ्नो विवरण आफै हेर्न सक्ने गरि HIB Profile, HIB Enrollment लगायतका एप्सहरू सञ्चालन गरेको ।
- नेपाल सरकारले सञ्चालनमा ल्याएको नागरिक एप्सबाट समेत विवरण हेर्न र नविकरण गर्न सक्ने गरी समावेश गरेको ।

## ङ) सेवा प्रदाय स्वास्थ्य संस्थाहरूको व्यवस्थापन तर्फ

- सेवा प्रदायक स्वास्थ्य संस्था सूचिकरण सम्बन्धि कार्यविधि, २०७८ स्वीकृत गराई अस्पतालहरूलाई सूचिकण गर्ने कार्यमा व्यवस्थति गरिएको ।
- सूचिकरणका लागि कार्यविधिले निर्दिष्ट गरे अनुसारको मापदण्डको चेकलिष्ट बनाई अनुगमन गर्ने व्यवस्था गरिएको ।
- स्वास्थ्य बीमा ऐन, २०७४ र नियमावली, २०७५ ले गरेको व्यवस्था बमोजिम कार्य नगर्ने करिब २८ वटा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई कारबाही (सूचिबाट हटाईएको) गरिएको ।
- अस्पतालहरूले प्रदान गर्ने सेवालाई चुस्त दुरूस्त र पारदर्शी बनाउने उद्देश्यले नियमित अनुगमन गर्न सक्ने गरी ५ सदस्यीय अनुगमन समिति गठिन गरिएको ।
- बीमितको चापको आधारमा नागरिकलाई सेवा प्रदान गर्न स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ र सेवा प्रदायक स्वास्थ्य संस्था सूचिकरण सम्बन्धि कार्यविधि, २०७८ को मापदण्ड भित्र रहेर आवश्यकता अनुसार विभिन्न अस्पतालहरूलाई सूचिकरण गर्ने कार्य गरिएको।

## स्वास्थ्य बीमालाई दिगो बनाउन गरिनु पर्ने कार्यहरू

- नेपाल सरकारको बजेट बक्तव्य र वार्षिक बजेटले तय गरेका अनुरूपका आमा सुरक्षा कार्यक्रम, एड्स तथा यौनरोग, क्षयरोग, नवजात शिशु कार्यक्रम गरिब तथा असहाय विरामीहरुलाई निशुल्क उपचार तथा आहार, १५ वर्ष मुनीका क्यान्सर पिडीत र मुटुरोगी बालबालिकाको निशुल्क उपचार, ७५ वर्ष माथीका मुटुरोगीको निशुल्क उपचार, बाथरोगीहरु, निशुल्क भल्भ, रीड तथा शल्यक्रिया जस्ता सबै प्रकारका निशुल्क कार्यक्रमहरूलाई एकद्वार प्रणालीमा व्यवस्थित गरी स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आबद्ध गर्नु पर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको वार्षिक बजेटमा नेपाल सरकारले यस्ता कार्यक्रममा ठुलो रकम विनियोजन गरेको देखिन्छ । यस्ता दोहोरो कार्यक्रमहरूलाई अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गरी एकद्वार प्रणाली अपनाउनु पर्ने हुन्छ ।
- स्वास्थ्य बीमाको दायरालाई फराकिलो बनाउनु पर्ने ।

दामोदर बसौला

CamScanner

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
बबरमहल, काठमाडौं
२०७४

- स्वाथ्य बीमाको स्थायी संगठन संरचना स्वीकृत गरी आफ्नै कार्यविवरण अनुसारको कर्मचारीबाट सञ्चालन गरिनु पर्ने ।
- हालको कमजोर सूचना प्रविधिलाई स्तरोन्नतरी गरी आर्टिफिसियल इन्टलिजेन्ट (AI) माध्यमबाट सञ्चालन गरिनु पर्ने ।
- त्यस्तै कतिपय संस्थाहरू (सामाजिक सुरक्षा कोष, सञ्चय कोष, विभिन्न बैंकहरू लगायत) ले स्वास्थ्य बीमाको नाममा संचालन गरेका दोहोरो कार्यक्रमहरूलाई पनि स्वास्थ्य बीमा बोर्ड मार्फत नै संचालन गर्नु पर्ने एकद्वार रणनीतिको अवलम्बन गरिनु पर्दछ ।
- नेपाल सरकारको ढुकुटीबाट तलब खाने कर्मचारी, संस्थान तथा वितिय क्षेत्रमा काम गर्ने कर्मचारी, संगठित क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई योगदान रकमको केही अंश (स्वास्थ्य बीमा नियमावलीको अनुसूची १ बमोजिम) रोजगारदाताले ब्यहोर्ने गरी अनिवार्य बीमा गराउने ब्यवस्था गर्ने ।
- बीमामा आबद्ध नभई सरकारबाट उपलब्ध गराईने कुनै पनि निशुल्क स्वास्थ्य सेवा उपलब्ध नगराउने गरी निशुल्क स्वास्थ्य सेवालाई बीमासंग आवद्ध गर्ने ।
- योगदान बापत प्राप्त हुने रकमबाट बीमा कोषको आकार मजबुत नहुन्जेल सम्म सरकारी स्वास्थ्य संस्थाको स्तर बृद्धि तथा पूर्वाधार विकासमा सरकारले लगानी गर्ने । किनकी स्वास्थ्य संस्था सक्षम र गुणस्तरीय नभई बीमितलाई बीमा तर्फ आकर्षित गर्न सकिदैन ।
- गरिब तथा विपन्न परिवारको योगदान रकम सरकारले ब्यहोरि दिने प्रयोजनको लागि गरिब परिवार परिचय पत्र यथाशिघ्र वितरण गर्ने ।
- चुरोट, रक्सी, चिसो पेय पदार्थ (कोला, जुस आदी)को प्रयोगले नागरिक बिरामी हुने अनि तिनिहरूको निशुल्क उपचारमा राज्यले अर्बौ रूपैंया खर्चिनु परेको अवस्था छ । तसर्थ यस्ता उत्पादन तथा बिक्रि वितरणमा मनग्गे कर असुल गरी उक्त रकम स्वास्थ्य बीमा कार्यक्रममा लगानी गर्ने ।

सञ्चारकर्मी ज्यूहरु

स्वास्थ्य वीमा बोर्डमा म डा. दामोदर बसौला ४ वर्षे कार्यकाल पूरा गर्ने पहिलो कार्यकारी निर्देशक हुन पाँउदा अत्यन्त खुशी लागेको छ । आजको यस अवसरमा मलाई कार्यकारी निर्देशकको रुपमा नियुक्ती गर्ने नेपाल सरकार प्रधान मन्त्री एवं मन्त्रीपरिषदको कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सहकार्य गर्ने अर्थ मन्त्रालय सहित बिभिन्न मन्त्रालयहरु एवं सम्पूर्ण विकास साझेदार संस्थाहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । स्वास्थ्य वीमा बोर्डको कार्यक्रमहरुलाई प्रवर्द्धन गरी जनस्तर सम्म पुर्याउन सहयोग र सहकार्य गर्नुहुने सम्पूर्ण सन्चारकर्मी ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुले सचेत बनाउनु भएका कारणले संयमित भएर अगाडी बढ्न र सकरात्मक साथले उत्साह पूर्बक ४ वर्षलाई सहजताका साथ सार्थक रुपमा पूरा गर्न सम्भव भएको छ । यहाँहरु सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

डा. दामोदर बसौला
कार्यकारी निर्देशक

दामोदर बसौला
कार्यकारी

CamScanner